# नेपाल राजपत्र

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २५] काठमाडौं, भदौ २० गते २०३२ साल [अतिरिक्ताङ्क २७

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०३२ सालको ऐन नं. १०

**स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम् नेपालप्रतापभास्कर ओजस्विराजन्य परम् गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम् उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर बिक्रम शाह देव देवानाम् सदा समरविजयिनाम् ।**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको स्वास्थ्य सुविधा र आर्थिक हित कायम राख्न कालोबजार, नाफाखोरी, जम्माखोरी, मिसावट र केही अन्य सामाजिक अपराध नियन्त्रण गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाइबक्सेको छ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः– (१) यस ऐनको नाम "कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२" रहेको छ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ।

(३) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. कालोबजारः– कसैले देहायको कुनै काम गरे गराएमा कालोबजार गरेको ठहरी निजलाई देहायमा लेखिएबमोजिम सजाय हुनेछ।

(क) श्री ५ को सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र श्री ५ को सरकारले मोल निर्धारित नगरेकोमा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको मालवस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै मालवस्तु बिक्री गरेमा सो मालवस्तुको लिएको मोल फिर्ता गराई सो मालवस्तु जफत गरी निजलाई १० वर्षसम्म कैद हुनेछ र जरीवानासमेत हुन सक्नेछ।

स्पष्टीकरणः– कुनै मालवस्तुको थोक वा खुद्रा मोल निर्धारित गर्दा सम्बन्धित क्षेत्रको भनाईसमेत बुझी सामान्यतया निम्न विषयहरूमा ध्यान दिई उपभोक्ताले सुपथ मोलमा पाउने गरी मोल निर्धारण गर्नुपर्छः–

(क) मालवस्तुको मोल,

(ख) भाडा भरोट,

(ग) भन्सार महसूल,

(घ) मालवस्तु आयात वा उत्पादन गर्दा लाग्ने प्रचलित कानूनले मान्यता हुने किसिमको कर, दस्तूर र मुनासिव माफिकको सबै किसिमको खर्च,

(ङ) प्रतिष्ठान खर्च,

(च) डिलर, रिटेलर वा एजेण्टको मुनासिव कमिशन, र

(छ) उत्पादक वा आयातकको मुनासिव मुनाफा।

(ख) निर्धारित मोलमा खुला बजारमा सजिलैसंग चाहिंदो मात्रामा उपलब्ध नहुने खण्ड (क) बमोजिमको कुनै मालवस्तु कसैले निजी उपभोगका लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार २०६०

भनी आदेश वा कूपन गराई वा नगराई लिएकोमा त्यस्तो मालवस्तु वा आदेश कूपन नै बढी मोल कमिशन लिई वा नलिई बिक्री गरेमा वा अरू तवरले दिएमा त्यस्तो मालवस्तु वा आदेश कूपन वापत लिएको मोल कमिशन फिर्ता गराई सो मालवस्तु जफत र आदेश कूपन बदर गरी निजलाई ३ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ ।

तर–

(१) मालवस्तु लिइसकेपछि आवश्यक नरहेमा आवश्यक नहुना–साथ जस्को आदेश कूपनले सो मालवस्तु लिएको हो निजको लिखित स्वीकृतिले निजले तोकिदिएको व्यक्तिलाई आफूले लिएको मोलमा नबढाई दिनुपर्छ । मालवस्तु लिई नसकेको भए आदेश कूपन तत्काल फिर्ता गर्नुपर्छ ।

(२) बढी मोल लिएको नभई त्यस्तो मालवस्तुबाट आफन्त वा छिमेकी कसैको निजी उपभोगका लागि खांचो टार्न अल्प मात्रामा दिएकोमा यस खण्डबमोजिम अपराध गरेको मानिने छैन ।

(ग) कुनै मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडा बापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिई कसैले बिक्री गरेमा बढी लिएको मोल रकम जफत गरी १ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ ।

(घ) श्री ५ को सरकारले यो दफा अन्तर्गत मोल निर्धारण गर्ने उद्देश्यको लागि आवश्यकतानुसार मूल्य निर्धारण सल्लाहकार समितिहरू गठन गर्नेछ ।

३. नाफाखोरीः– (१) दफा २ अन्तर्गत मोल निर्धारित भएकोमा बाहेक श्री ५ को सरकारले तोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले मालवस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतया सयकडा२०भन्दा बढी मुनाफामा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ ।

(२) दफा २ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्यातमा घाटा उठाई पैठारी गरेका मालवस्तुका हकमा निर्यात गर्दा परेको घाटासमेत उठ्ने गरी उप-दफा (१) बमोजिम मुनाफा लिन पाउनेछ ।

(३) प्रत्येक थोक वा खुद्राबिक्रेताले श्री ५ को सरकारले तोकिदिएको मालवस्तुको मूल्यसूची सबैले देखिने गरी बिक्रीस्थलमा टाँग्नुपर्दछ सो नगर्नेलाई १ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ ।

४. मालवस्तुको विचलनः– श्री ५ को सरकारले कुनै अञ्चल वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै अञ्चल वा जिल्लामा बिक्री-वितरणको लागि आयात गरिएको वा एजेण्ट डिलर वा रिटेलरको रूपमा उपलब्ध भएको मालवस्तु अन्यत्र लगेमा वा अन्यत्र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
2060

बिक्री गरेमा वा एजेन्सी वा डिलरसीपको शर्त विरूद्ध वा उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी कसैले बिक्री गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ।

५. जम्माखोरी तथा कृत्रिम अभावः– बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले कसैले त्यस्तो मालवस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा निजलाई ५ वर्षसम्म कैद वा जरीवाना वा दुबै सजाय हुनेछ।

तर, श्री ५ को सरकारले अति आवश्यकको भनी राजपत्रमा तोकिदिएको मालवस्तुका सम्बन्धमा सोही अपराध उत्पादक आयातक वा मुख्य वितरक वा निजहरूको कुनै डि[illegible] बा एजेण्टले गरेमा निजलाई १० वर्षसम्म कैद वा जरीवाना वा दुबै सजाय हुनेछ।

६. झुक्याई बिक्री–वितरणः– कमसल माललाई असल माल हो भनी वा एक मालवस्तुलाई अर्को मालवस्तु हो भन्ने भान पारी वा कुनै मालवस्तुमा सो मालवस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री-वितरण गरेमा निजलाई २ वर्षसम्म कैद वा जरीवाना वा दुबै हुन सक्नेछ।

७. औषधीमा मिसावट र मिसावट भएको औषधीको बिक्रीः– (१) शुद्ध औषधी सरह बिक्री वा प्रयोग गराउने नियतले वा त्यसरी बिक्री वा प्रयोग गरिने सम्भव छ भन्ने जानी जानी औषधीको प्रभाव शुन्य हुने, घटी हुने वा बदलिने वा हानिकारक हुने गरी कसैले कुनै औषधीमा मिसावट गरेमा वा त्यस्तो मिसावट भएको वा म्याद नाघेको औषधी हो भन्ने जानी जानी बिक्री गरेमा वा बिक्री गर्न उद्योग गरेमा वा बिक्री गर्न राखेमा वा उपचारको निमित्त कसैलाई दिएमा वा मिसावटको सम्बन्धमा जानकारी नभएका कुनै व्यक्तिलाई त्यस्तो औषधी सेवन गर्न लगाएमा निजलाई देहायबमोजिम सजाय हुनेछ :–

(क) ज्यानलाई खतरा पुग्ने संभावना भएमा जन्म कैद वा दश वर्षसम्म कैद र जरीवाना,

(ख) शरीरको कुनै अङ्गको शक्ति क्षीण वा हरण हुन सक्ने भएमा दश वर्षसम्म कैद र जरीवाना, र

(ग) अन्य अवस्थामा पाँच वर्षसम्म कैद वा जरीवाना वा दुबै।

(२) कुनै अरू थोकलाई औषधी भनी बिक्री गरेमा समेत उप-दफा (१) बमोजिमको कसूर गरेको ठहरी सजाय हुनेछ।

८. जरीवानाको उपल्लो हद र जरीवाना वापतको कैदः– (१) यस ऐन अन्तर्गत कसूर गरे वापत जरीवाना गर्दा बिगोबमोजिम वा पच्चीस हजार रूपैयाँसम्म जुन बढी हुन्छ, सो हदसम्म जरीवाना हुनेछ। तर कसूरदारको वा कसूर गरेको अवस्थासंग नसुहाउने गरी अत्यधिक जरीवाना तोक्न हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

208

(२) जगीवानाको सजाय तोक्दा जरीवाना नतिरेमा सो नतिरे वापत कति समयका लागि कैद हुने हो भन्ने कुरा पनि मुद्दा हेर्ने अधिकारीले आफ्नो निर्णयमा तोक्नुपर्छ।

(३) जुन कसूर गरे वापत जरीवानाको सजाय भएको छ सो कसूरमा कैदको सजाय समेत हुने रहेछ भने उप–दफा (२) अन्तर्गत जरीवाना नतिरे वापत पाँच वर्षभन्दा बढी अवधिका लागि कैद तोक्न हुँदैन। जन्म कैद गरिएकोमा जरीवाना वापत थप कैद गरिने छैन।

९. संगठित संस्थाले कसूर गरेको सम्बन्धमाः– (१) यस ऐनबमोजिम कसूर गर्ने व्यक्ति कुनै संगठित संस्था वा कम्पनी भएमा सो कसूर भएको कुरा आफूलाई थाहा थिएन वा सो कसूर रोक्न आफूले सकभर प्रयत्न गरेको थियो भन्ने कुरा प्रमाणित गर्न नसकेमा बाहेक त्यस्तो कसूरका लागि सम्बन्धित संगठित संस्था वा कम्पनीको काम कारवाईउपर नियन्त्रण राख्ने सञ्चालक, महाप्रबन्धक, अन्य कुनै अधिकारी वा व्यक्तिलाई सजाय हुनेछ।

(२) उप-दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै संगठित संस्था वा कम्पनीले गरेको कसूर त्यस्तो संगठित संस्था वा कम्पनीको सञ्चालक, महाप्रबन्धक वा अरू कुनै अधिकारीको जानाजान वा लापरवाहीको कारण भएको हो भन्ने प्रमाणित भएमा त्यस्तो निर्देशक, महाप्रबन्धक वा अधिकारी पनि यस ऐनबमोजिम सजायको भागी हुनेछ।

१०. कमिशनः– यस ऐन अनुसारको अपराध कसैले गरेको वा गर्न लागेको भनी कसैले सम्बन्धित अधिकारीमा जाहेर गरी अपराधी पक्राउ भई दोषी ठहरिएमा निजलाई भएको जरीवानाको पच्चीस प्रतिशत जाहेर गर्ने व्यक्तिलाई दिइनेछ।

११. झुठ्ठा सुराक वा उजूर वापत सजायः– कसैले कसैलाई तर्साउने, धम्काउने, बेइज्जत गर्ने, दुःख टण्टा वा झिंझ्याहट हुने उद्देश्यले झुठ्ठा हो भन्ने जानीजानी वा विश्वास गर्नुपर्ने कारण भई वा झुठ्ठा प्रमाण बनाई वा मुनासिव आधार वा आशंका नभई झुठ्ठा उजूर गरेमा निजलाई तीन महीनासम्म कैद वा पाँच हजार रूपैयाँसम्म जरीवाना वा दुबै सजाय हुन सक्नेछ।

१२. अयोग्यताः– दफा ११ बाहेक यस ऐन अन्तर्गत ६ महीनाभन्दा बढी कैदको सजाय पाएको व्यक्तिले सजाय भुक्तान गरेको पाँच वर्ष नपुग्दै श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको सेवा गर्न वा ठेक्का, लाइसेन्स लिन पाउने छैन।

१३. पक्राउ र खानतलासी गर्ने अधिकारः– (१) कुनै व्यक्तिले यस ऐन अन्तर्गत सजाय हुने कुनै अपराध गरेमा वा त्यस्तो अपराध गरेको छ भनी मुनासिब माफिकको उजूर परेमा वा विश्वास पर्दो सूचना प्राप्त भएमा वा मुनासिव माफिकको शंका भई उप-दफा (२) मा लेखिएको अधिकारीबाट वारेण्ट जारी भएमा निजलाई नायव निरीक्षक दर्जासम्मको प्रहरी अधिकृतले गिरफ्तार गर्न सक्नेछ।

(२) उप-दफा (१) बमोजिमको अवस्थामा अञ्चलाधीश, सह-अञ्चलाधीश, सहायक अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले यस सम्बन्धमा तोकेको अधिकारीले पनि आफै वा अरू व्यक्तिलाई आदेश दिई गिरफ्तार गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

205

(३) पक्राउ गर्नु पर्ने व्यक्ति लुकेको वा यस ऐन अन्तर्गतको अपराधसित सम्बन्धित मालवस्तु राखिएको मुनासिब माफिकको शंका भएको जुनसुकै गाउँ घर वा सवारीको खानतलासी नायव निरीक्षकसम्मको प्रहरी कर्मचारी वा अञ्चलाधीश, सह-अञ्चलाधीश, सहायक अञ्चलाधीश, प्रमुख जिल्ला अधिकारी वा श्री ५ को सरकारले यस सम्बन्धमा तोकेको अधिकारीले वा निजहरूले लिखितरूपले अधिकारपत्र दिएको खरदारसम्मको सरकारी कर्मचारीले प्रचलित नेपाल कानूनबमोजिम गर्न सक्नेछ।

(४) खानतलासी गर्दा यस ऐन अन्तर्गतको अपराधसित सम्बन्धित मालवस्तु सवारीको साधन कागजात नगद समेतलाई कब्जामा लिन सकिनेछ।

१४. मुद्दा दायर गर्ने कार्यविधिः— (१) यस ऐन अन्तर्गत मुद्दा दायर गर्दा श्री ५ को सरकार वा श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अधिकारीको स्वीकृतिबेगर दायर गरिने छैन।

(२) बाटोघाटोमा वा अन्यत्र सानातिना पसल थापी खुद्राव्यापारीले दफा ३, ४ र ५ अन्तर्गतको कसूर गरेमा कसूरको रूप हेरी पहिला पटकको कसूर भए अनुचितरुपले लिएको नाफा दाखिल गराई सम्बन्धित व्यक्तिलाई भराई अब उप्रान्त यस्तो कसूर गर्ने छैन भन्ने कागज— सम्म गराई मुद्दा नचलाउने गरी उप-दफा (१) अन्तर्गतको अधिकारीले तामेलीमा राखी दिन सक्नेछ।

(३) यस ऐन अन्तर्गतको मुद्दा अपराध भएको वा पत्ता लागेको ९० दिनभित्र दायर गरी सक्नुपर्छ।

१५. मुद्दा हेर्ने अधिकारीः— (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाई र किनारा गर्ने अधिकार श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अदालत वा अधिकारीलाई हुनेछ र त्यसरी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई हुनेछ।

(२) उप-दफा (१) बमोजिम अदालत वा अधिकारीले यस ऐन अन्तर्गत कारवाई गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि अपनाउने र अधिकार प्रयोग गर्नेछ।

(३) उप-दफा (१) बमोजिम तोकिएको अधिकारी वा प्रमुख जिल्ला अधिकारीले गरेको निर्णयउपर अञ्चल अदालतमा र अञ्चल अदालतले गरेको निर्णयउपर प्रचलित नेपाल कानूनबमोजिम सो अदालतको पुनरावेदन सुन्ने अदालतमा पुनरावेदन लाग्नेछ।

१६. अपराधी ठहरिएको व्यक्तिलाई सार्वजनिक रूपमा निन्दा गर्नेः— अन्तिम निर्णय भैसकेपछि यस ऐन अन्तर्गत अपराधी ठहरिएको व्यक्तिको नाम, टेगाना र निजले गरेको अपराध तथा सजायको प्रकृति खोली प्रकाशित गराउन व्यापक सार्वजनिक हितको लागि उपयोगी हुन्छ भन्ने देखिएमा अन्तिम निर्णय गर्नेले समाचारपत्र वा अन्य कुनै माध्यमबाट प्रकाशित गराई सार्वजनिक रूपमा निन्दा गर्न निर्देश दिन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. यस ऐन अन्तर्गत गरिएको काम कारवाईको बचाउः– यस ऐन अन्तर्गत असल नियतले गरेको वा गर्न प्रयत्न गरेको कुनै काम कारवाईको निमित्त कुनै व्यक्तिउपर कुनै नालेश उजूर वा कानूनी कारवाई चलाउन सकिने छैन।

१८. जफत भएको मालवस्तुको बिक्री–वितरणः– यस ऐन अन्तर्गत जफत भएको मालवस्तुको बिक्री–वितरण व्यवस्था श्री ५ को सरकारबाट हुनेछ र यसरी जफत भएको मालवस्तुबाट नष्ट गर्नु पर्ने भएमा त्यस्तो खर्च सम्बन्धित व्यक्तिसित सरकारी बाँकी सरह असूल उपर गर्न सकिनेछ।

१९. अभियुक्त थुनामा रहने अवस्थाः– तारिखमा हाजिर नहुने वा धरौटी वा जमानीमा छाड्दा अभियुक्त भागी जाने सम्भावना भएको वा निजले सबूद प्रमाणमा हस्तक्षेप गर्ने सम्भावना भएको वा निजले यस ऐन अन्तर्गत अर्को कुनै अपराध गर्ने सम्भावना भएको अवस्थामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिनेछ।

२०. श्री ५ को सरकार वादी हुनेः– यस ऐन अन्तर्गतको मुद्दा श्री ५ को सरकार वादी हुनेछ र सरकारी मुद्दासम्बन्धी ऐन, २०१७ को अनुसूची १ मा समावेश भएको मानिनेछ।

२१. अन्य प्रचलित कानूनबमोजिम मुद्दा चलाउन सकिनेः– यस ऐन अन्तर्गत अपराध हुने काम अन्य प्रचलित नेपाल ऐन अन्तर्गत पनि अपराध हुने रहेछ भने अर्को ऐनबमोजिम मुद्दा चलाउन यो ऐनले बाधा पुऱ्याएको मानिने छैन।

२२. अधिकार प्रत्यायोजनः– श्री ५ को सरकारले यस ऐनबमोजिम आफूलाई भएको सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचित आदेश जारी गरी कुनै अधिकृतलाई सुम्पन सक्नेछ।

२३. नियम बनाउने अधिकारः– यस ऐनको उद्देश्य पूर्तिको लागि श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नियमहरू बनाउन सक्नेछ।

२४. खारेजीः– कालोबजार ऐन, २००८, मीलमा बनेको कपासको सूती धागो र सूती कपडाको चोर बजारी र चोरी निकासी नियन्त्रण कानून, २००८, नेपाल खाद्यान्न संचय निवारण ऐन, २००९ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ८ को उप-दफा (१) को खण्ड (ग) खारेज गरिएको छ।

लालमोहर सदर मितिः– २०३२।५।२०६

आज्ञाले–
चूडामणिराजसिंह मल्ल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।